आज मिति २०८१/०१/११ गतेका दिन बागलुङ नगरपालिकाका नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकको उपस्थिती निर्णय देयाय निम्नानुसार छ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |
| अन्य उपस्थिति | | | |
| १ | | | श्री डिल्ली [illegible] शर्मा |
| २ | | | श्री भोगसेन पुन |
| ३ | | | श्री ~~ज्ञानी~~ लक्ष्मी श्रेष्ठ |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा ।

२. निर्देशन दिने सम्वन्धमा ।

निणर्यहरु

निणर्य नं. १

गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । सो बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

विश्व बैंकको सहयोगमा बागलुङ नगरपालिकामा संचालित नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास कार्यक्रम NUGIP अन्तर्गत Upgradation of Mulpani School Harachaur Kalimati Titaure Road, Majhibasti Niraheghat Road and Odachour Dhodeni Phorse Road, NP-DUDBC-400277-CW-RFB को ठेक्का सम्वन्धी पेश हुन आएका प्राविधिक प्रस्तावको मुल्याङ्कनको विषयमा सम्मानीत उच्च अदालत पोखरा बागलुङ, ईजलासमा उत्प्रेषण परमादेश समेतको रिट निवेदन दर्ता भै सम्मानीत अदालतको मिति २०८०/१२/१९ को आदेश बमोजिम प्राविधक प्रस्ताव उपर पुनर्मुल्याङ्कन गरी पुनः मिति २०८१/१/४ मा Financial Bid Opening Notice खोल्ने गरी मिति २०८०/१२/२७ मा सुचना प्रकाशन गरिएकोमा बागलुङ जिल्ला अदालतमा आषिश/फेवा जे.भी.को तर्फबाट पुनः रिट निवेदन पेश गरी सम्मानीत जिल्ला अदालतको मिति २०८१/०१/०२ गतेका दिन भएको अल्पकालिन अन्तरिम आदेशद्धारा स्थगन भएको हुनाले उक्त Financial Bid Opening Date संशोधन गरी मिति २०८१/०१/११ मा तोकिएकोमा सो दिन सार्वजनिक विदा परी सो को भोलिपल्ट मिति २०८१/०१/१२ गते दिनको १०.३० बजे आर्थिक प्रस्ताव खोल्ने गरी तोकिएको र सम्मानीत जिल्ला अदालत बागलुङबाट मिति २०८१/०१/१० गतेका दिन उक्त अल्पकालिन अन्तरिम आदेश खारेज भएको हुँदा NUGIP अन्तर्गत Upgradation of Mulpani School Harachaur Kalimati Titaure Road, Majhibasti Niraheghat Road and Odachour Dhodeni Phorse Road, NP-DUDBC-400277-CW-RFB को ठेक्का सम्वन्धी Financial Bid Opening लगायतका कार्य निर्धारित समय भित्र सम्पन्न गरी कार्य प्रकृया अगाडि बढाउनका लागि प्रमुख प्रशासकीय अधिकृत र सार्वजनिक मुल्याङ्कन समितिलाई निर्देशन दिने निर्णय गरियो ।